

दीपेन्द्र बज्राचार्य

# काठमाडौँको अनौपचारिक क्षेत्रमा जीविकोपार्जन : सहभागीहरूको अनुभव

जगन्नाथ अधिकारी

## सहरी अनौपचारिक क्षेत्र

विकासशील देशका सहरहरूमा अवस्थित 'अनौपचारिक क्षेत्र' ले सहरी नीति निर्माताहरूको ध्यान आकर्षण गरेको छ। केही पहिला यो 'क्षेत्र' सहरको विकासका लागि समस्या वा अनावश्यक ठानिन्थ्यो भने अहिले यस क्षेत्रलाई व्यवस्थित गर्दा सहरी समस्या कम हुने तथा सहरको दिगो विकास साथै सबैका लागि बस्न लायक ठाउँ बन्न सक्छ भन्ने सोचाइको विकास भएको छ। यो परिवर्तन नेपालकै सन्दर्भमा पनि देख्न सकिन्छ। उदाहरणका लागि काठमाडौं महानगरपालिकाको भूतपूर्व मेयर केशव स्थापितले काठमाडौंलाई एउटा महँगो ठाउँ बनाएमा गरिब तथा कम आय भएका व्यक्तिहरू सहर आउन नसक्ने हुँदा यहाँको वातावरण राम्रो हुने र सहर सिंगापुर जस्तो सफा हुने बताएका थिए।

---

यस लेखमा प्रकाशित अनौपचारिक व्यवसायीसँगको अधिक कथनी तीर्थ विष्टले गरेको अनुसन्धान हो। उनको उत्कृष्ट सहयोगप्रति म गुणग्राही छु।

यस्तै प्रकारले पोखराका सहरी बासिन्दा र नेतृत्व वर्गले सुरुमा अनौपचारिक क्षेत्र (जस्तै सुकुमबासी बस्ती, सडक पसल आदि) सहरबाट हटाउनु पर्दछ भन्ने सोचाइ राख्दथे। यो सोचाइ लगभग राणाकालीन शासनशैली जस्तो प्रतीत हुन्छ जसले नेपालीहरूलाई नै देशका अरू ठाउँबाट काठमाडौँमा आउनका लागि 'स्वीकृतिपत्र' आवश्यक पर्ने नीति बनाएका थिए। जो कोहीलाई सहरमा पस्न नदिने मनसायले यो नीति बनाइएको थियो। तर यस्ता धेरै सोचाइमा अहिले परिर्वतन आएको पाइन्छ। त्यसैले यी पक्षहरूलाई व्यवस्थित गरेमा सहर राम्रो र बस्नलायक हुन्छ भन्ने सोचाइको विकास भएको छ। तथापि यो नीति/सोचाइ व्यवहारमा उतार्न धेरै नै बाँकी छ। यस अध्ययन गर्ने क्रममा पनि अनौपचारिक क्षेत्रमा लागेका व्यक्तिहरूले सरकारी (नगरपालिका) कर्मचारीबाट दुःख पाएको भन्ने गुनासो सुनाएका थिए भने केही केही व्यवस्थापन गर्न खोजेको हो कि भन्ने भान पर्दथ्यो।

नेपाललगायत अन्य विकासशील देशका सहरहरूको मुख्य समस्या भनेको द्रुत गतिमा बढिरहेको जनसंख्यालाई रोजगारी उपलब्ध गराउनु हो। जनसंख्या बढ्ने मुख्य कारण आप्रवास भए पनि यो आप्रवासलाई जबर्जस्ती रोक्न मिल्दैन र सकिँदैन पनि। ग्रामीण क्षेत्रबाट विभिन्न कारणले मुख्यतः गरिबी, प्राकृतिक प्रकोप तथा रोजगारीको प्रलोभनले धेरै मानिसहरू सहर पसेका छन्। सहरमा पनि रोजगारको अभावमा उनीहरूको जीवनस्तर राम्रो छैन। साधारणतः जनसंख्याको अत्यधिक वृद्धि, रोजगारको अभाव तथा कमजोर सहरी व्यवस्थापनले गर्दा सहरी सरकार वा निकायलाई सहरी सेवा प्रदान गर्न गाह्रो परिरहेको छ। यस्ता निकायहरूको (जस्तै नगरपालिका) शासन गर्ने प्रणाली र वित्तीय प्रणाली पनि सुदृढ र दिगो नभएको सहरको अवस्था दिनप्रतिदिन गिर्दो छ। सहरी गरिबीको संख्या बढिरहेको छ। यदि सहरमा गरिब र कम आम्दानी भएका मानिसको संख्या अत्यधिक भएमा, सहरी निकायमा कम कर वा सेवा शुल्क प्राप्त हुन्छ। किनभने गरिबहरूले यस्तो कर तिर्न सक्दैनन् जसले गर्दा सहरी राजस्व कम हुन पुग्छ। यस्तो राजस्व कम हुन जाँदा सहरी संरचना र सेवाहरू प्रदान गर्न एकदमै अप्ठ्यारो पर्छ। यो चक्र चलि नै रहन्छ र सहरी राजस्वको अवस्था क्रमशः गिर्दै जान्छ। सन् १९८० को दशकको मध्यबाट सुरु भएको संरचनात्मक समायोजन कार्यक्रमले गर्दा धेरै सहरी गरिबहरूको रोजगार र उनीहरूको सहरी सेवाको पहुँचमा कमी आउन गयो। निजी क्षेत्रको विकास पनि नभएको अवस्थामा रोजगारीका अवस्था हराउँदै गए (Sithuraman 1997)।

अहिले अनौपचारिक क्षेत्र नै यस्तो क्षेत्र भएको छ, जसले धेरै गरिबहरूलाई रोजगारी सिर्जना गरेको छ। औपचारिक क्षेत्रमा रोजगार उपलब्ध गराउने

क्षमता नभएको अवस्थामा अनौपचारिक क्षेत्रलाई व्यवस्थित गरेर गरिबहरूलाई जीविकोपार्जन गर्ने बाटो देखाउनु आवश्यक हुन्छ। यो क्षेत्रको महत्त्व बढ्दै गएको पनि छ। सहरको दिगो विकासका लागि गरिबी घटाउन र आम्दानीका उपायहरू बढाउनु आवश्यक छ। र अनौपचारिक क्षेत्रबाट यसमा केही सहयोग हुने ठानिएको छ।

अनौपचारिक क्षेत्र धेरै समयसम्म नीति निर्माताको आँखामा नपर्नुमा विद्यमान सैद्धान्तिक पक्ष पनि उत्तिकै जिम्मेवार छन्। पहिला निर्माण गरेका सिद्धान्तअनुसार गाउँको कृषि क्षेत्रको आधुनिकीकरणबाट सञ्चित श्रमशक्ति सहरी क्षेत्रको औद्योगिक वा आधुनिक क्षेत्रमा प्रयोग हुने अनुमान गरिन्थ्यो। यो प्रक्रियालाई द्रुत गति दिन सहरी ज्यालादरमा वृद्धि गरिनुपर्ने मान्यता पनि थियो। विकसित देशमा त्यहाँको अर्थतन्त्र र सहरी विकास उपरोक्त नीतिअनुसार सञ्चालन भए पनि विकासशील देशको अर्थतन्त्र र ग्रामीण/सहरी विकास भने त्यो बाटोमा हिँडेन। यो नहुनुमा पनि विकसित देशको विकास र औद्योगिकीकरण जिम्मेवार छ। यसले कम विकसित देशलाई बजारको आकर्षण र अन्य शक्तिको माध्यमले शोषणयुक्त सम्बन्धमा बाँध्न सफल भयो। यो विकासशील देशका ग्रामीण क्षेत्रबाट सहरी क्षेत्रमा सर्ने बसाइँ, ग्रामीण क्षेत्रको कृषिको आधुनिकीकरण र औजारको प्रयोगले मात्र नभई गरिबी, प्राकृतिक प्रकोप तथा अन्य समस्याले गर्दा पनि भएको हो। अर्कोतर्फ सहरमा बसाइँ सरेर आएका यस्ता व्यक्तिहरूलाई औद्योगिक/आधुनिक क्षेत्रले आवश्यक मात्रामा रोजगारी उपलब्ध गराउन सकेन। अहिले उनीहरूको रोजगारीको स्रोत 'अनौपचारिक क्षेत्र' बनेको छ। अन्तर्राष्ट्रिय श्रम संगठनको रिपोर्टअनुसार दक्षिण पूर्ण र दक्षिण एसियाका सहरको श्रमशक्तिको करिब ५०-६० प्रतिशतले 'अनौपचारिक क्षेत्र' मा रोजगारी प्राप्त गरेको छ (ILO 2000)।

## परिभाषा र विशेषता

अनौपचारिक क्षेत्रलाई परिभाषित गर्न कठिन छ। किनभने ठाउँ र समयअनुसार यसभित्र पर्ने क्रियाकलाप एकदमै विविध प्रकृतिका हुन्छन्। साधारणतः अनौपचारिक भन्नाले कुनै नीति/नियम वा मूल्य/मान्यताभित्र बाँध्न नसकिने भन्ने जनाउँछ। साथै यस क्षेत्रमा लाग्ने व्यक्तिहरूबीच एकदमै विविधता हुन्छ। यस क्षेत्रमा संलग्न व्यक्तिहरूले आफैं आफ्नो व्यवसाय चलाएका हुन्छन्, जसमा परिवारका सदस्यले र एक दुई अन्य सहयोगीले सघाउन पनि सक्छन्। यस क्षेत्रको अर्को मुख्य विशेषता भनेको यो सानो आयतनको हुन्छ। यसकारण व्यवसाय र यसमा संलग्न सहभागीहरूको विविधता र सानो आयतन नै यस क्षेत्रको मुख्य विशेषता

हो । सानो आयतनबारे के कति भन्न नसकिने भए पनि साधारणतः सरकारको कर दायराभन्दा बाहिर र आम्दानी/खर्चको हिसाब-किताब राख्न सम्भव नहुने प्रकृतिको हुन्छ । यद्यपि यसका सञ्चालकले भने फाइदा/बेफाइदाबारे प्रत्यक्ष अनुभूति गरिरहन्छन् । अनौपचारिक क्षेत्रलाई प्रायः औपचारिक शिक्षा/सीप आदि आवश्यक नपर्ने भन्ने सोचाइ भए पनि यस क्षेत्रमा सीपको भने आवश्यकता पर्दछ । यी व्यावहारिक प्रयोगबाट पनि सिक्न सकिन्छ ।

अन्तर्राष्ट्रिय श्रम संगठनले सन् १९७२ देखि 'सहरी अनौपचारिक क्षेत्र' को अवस्थिति र महत्त्वलाई मान्यता दिँदै आएको छ साथै यससम्बन्धी विभिन्न कार्यक्रम ल्याएको छ। यस संगठनले अनौपचारिक क्षेत्रलाई निम्नअनुसार परिभाषित गरेको छ । "अनौपचारिक क्षेत्रले सानो स्तरको स्वरोजगार (ज्यालामा लिइएका श्रमिक भएको वा नभएको) सम्बन्धी क्रियाकलापहरूलाई जनाउँछ जसले 'तल्लो स्तर' को सांगठनिक प्रणाली र प्रविधि अपनाउँछन् र जसको मुख्य उद्देश्य रोजगारी र आय सिर्जना गर्ने हुन्छ। साधारणतः यी क्रियाकलापहरू औपचारिक मान्यता वा स्वीकृति बेगर चलेका हुन्छन् । यिनीहरू नियम लागू गर्ने संस्थाको परिधिबाहिर बसेर सञ्चालित हुन्छन् (ILO 2000: 1) । अनौपचारिक क्षेत्रका विशेषताहरू निम्न भएको मानिन्छ :

- यस क्षेत्रको एउटा व्यवसायले दशभन्दा कम श्रमिक प्रयोग गर्दछ। यी साधारणतः आफ्नो परिवारका सदस्य वा आफन्त हुन्छन् ।
- यसले विविध क्षेत्र ढाक्दछ । साधारणतः यसभित्र खुद्रा व्यापार, यातायातका साधनको मर्मत तथा सम्भार निर्माण, व्यक्तिगत तथा घरेलु सेवा आदि पर्दछन् ।
- यस क्षेत्रमा प्रवेश र यसबाट बाहिर निस्कनु औपचारिक क्षेत्रभन्दा सजिलो पर्दछ ।
- पुँजीको लगानी एकदमै न्यून हुन्छ ।
- श्रमको घनत्व र प्रयोग हुन्छ । विशिष्ट सीपको प्रयोग कम हुन्छ ।
- साधारणतः सीप कामकै दौरानमा सिकिन्छ ।
- रोजगारदाता र श्रमिकबीच अलिखित र अनौपचारिक सम्बन्ध हुन्छ, जहाँ औद्योगिक सेवाको युनियन वा श्रमिक अधिकारसम्बन्धी ध्यान दिइँदैन ।
- यो क्षेत्र 'औपचारिक क्षेत्र' सँग सम्बन्धित हुन्छ र कतिपय अवस्थामा आपसमा मिलेको र एक अर्कामा सहयोग पुऱ्याएको पनि देख्न सकिन्छ । यो क्षेत्र पनि विश्व बजारसँग एकीकृत हुन्छ ।

अर्को एक अध्ययनले अनौपचारिक क्षेत्रको विशेषता निम्नअनुसार भएको ठानेको छ (Amin not dated) :

| **रोजगार (अनौपचारिक क्षेत्रमा संलग्न व्यक्ति)** | **व्यवसाय/उद्योगधन्दा (अनौपचारिक क्षेत्रका क्रियाकलाप)** | **बस्ने ठाउँ (जमीन र घरको बसोबास)** | **ऋण (अनौपचारिक ऋण बजार)** |
|---|---|---|---|
| संरक्षण/पहिचानको अभाव | अनियन्त्रित र प्रतिस्पर्धात्मक | सार्वजनिक वा निजी | अनियन्त्रित तथा कुनै छुट नभएको |
| न्यूनतम ज्यालासम्बन्धी सामाजिक कल्याणकारी नीतिले नढाकेको | सानो संख्यामा व्यक्ति र परिवारको संलग्नता | जमीनको अनधिकृत (स्वीकृत बेगरको) प्रयोग | सजिलै उपलब्ध |
| आफ्नै संलग्नता वा स्वरोजगारको प्रभुत्व | प्रवेश गर्न सजिलो | गैरकानुनी रूपमा विभाजित वा भाडामा लिएको जमीन | छोटो समयका लागि र सानो मात्रा |
| ट्रेड युनियनको अभाव | स्थानीय रूपमा प्राप्त स्रोतमा आधारित | अवैधानिक रूपमा उपलब्ध र खेर गएका वस्तुको अत्यधिक प्रयोग | प्रशासनिक र सूचना उपलब्ध र कम खर्च |
| कम आम्दानी र कम ज्यालादर | व्यवसायको पारिवारिक नियन्त्रण | निर्माणका लागि आफ्नो निम्नस्तरको पारिवारिक श्रम/सीप तथा अन्य कालिगढको प्रयोग | धितो थोरै वा नचाहिने |
| रोजगार सुरक्षाको अभाव | श्रमिक सघनता र सरल तथा आफू अनुकुल पारिएको प्रविधि | कुनै नियन्त्रित स्तर वा नियमको अभाव | लचिलो ब्याज दर |
| संस्थागत स्रोतबाट अन्य कुनै फाइदा नहुने | संस्थागत ऋण तथा अन्य सुविधाबाट वञ्चित | कुनै बन्धक तथा छुट दिने वित्तीय सेवा प्राप्त नहुने | व्यक्तिअनुसारको लचिलो लगानी प्रक्रिया |

स्रोतः Amin (not dated)।

अनौपचारिक क्षेत्रमा सामाजिक स्वीकृतिको हिसाबले मान्य क्षेत्र मात्र पर्दछन् कि अमान्य क्षेत्र पनि पर्दछन् भन्नेबारे पनि विवाद भेटिन्छ। सहरी नीति निर्माता र शासन चलाउने निकायले समाजले स्वीकृति दिएको क्षेत्रलाई मात्र अनौपचारिक क्षेत्रमा संलग्न गर्दछन्। किनभने उनीहरूले यी क्षेत्रलाई नियमभित्र रहेर व्यवस्थापन गर्नु पर्दछ। अर्कोतर्फ समाजले स्वीकृति नदिने क्षेत्रलाई उनीहरूले नियन्त्रण गर्नुपर्ने हुन्छ। जस्तो यौन पेसामा संलग्न काम आदि मान्यता नदिएको ठाउँमा सरकारी/सहरी निकायले नियन्त्रण गर्नुपर्ने हुँदा यी क्षेत्र अनौपचारिक क्षेत्रभित्र राखिँदैनन्। तर अनौपचारिक क्षेत्रभित्र भने यी व्यवसायहरू पनि पर्दछन्। साधारण शाब्दिक अर्थमा र मानिसहरूको सोचाइमा पनि अनौपचारिक क्षेत्रभित्र

पर्ने क्रियाकलापको कुनै सीमा तोक्न सकिँदैन । कहिलेकाहीँ त औपचारिक र अनौपचारिक क्षेत्र छुट्ट्याउन पनि सकिँदैन । किनभने औपचारिक क्षेत्रले अनौपचारिक क्षेत्रलाई प्रयोग गरेर आफ्ना उत्पादनहरू बेच्छ । यी दुई क्षेत्रबीचमा अन्तरसम्बन्धका अन्य धेरै उदाहरणहरू दिन सकिन्छ ।

अनौपचारिक क्षेत्रमा संलग्न व्यक्ति वा सहभागीहरू औपचारिक क्षेत्रमा जान नसकेर मात्र यस क्षेत्रमा लाग्छन् भन्ने मान्यता पनि सधैँ सही हुँदैन । अनौपचारिक क्षेत्रको लचकता, आम्दानी बढी हुने अवसर तथा नियम कानुन मान्नु नपर्ने (जस्तै : ट्याक्स तिर्नु नपर्ने आदि) कारणले गर्दा कतिपय व्यक्तिहरू औपचारिक क्षेत्र छोडेर अनौपचारिक क्षेत्रमा लागेका पनि छन् । लचकताको कारणले गर्दा यस क्षेत्रमा धेरै महिलाहरू सम्मिलित हुन सक्छन् । यस अध्ययनमा पनि अनौपचारिक क्षेत्रमा महिलाको अत्यधिक सहभागिता देखिएको छ । उनीहरूले घरको काम भ्याएर यस क्षेत्रमा संलग्न हुन सकिने भएकाले र घरको आम्दानी बढाउन बाध्य भएकाले यस क्षेत्रमा लागेको बताएका थिए (Sithuraman 1997)।

अनौपचारिक क्षेत्र भएकै कारण यस क्षेत्रमा संलग्न व्यक्तिहरूले विद्यमान नियम कानुन नमान्ने भएर केही फाइदा भए पनि उनीहरूले विभिन्न समस्या भने भेल्नुपरेको देखिन्छ । उदाहरणका लागि उनीहरू सरकारी वा अन्य बैंकबाट ऋण पाउने, तालिम पाउने आदि अवसरबाट वञ्चित हुन्छन् । त्यस्तै प्रकारले साधारणतः सरकारी नीति वा व्यवहार उनीहरूको पक्षमा देखिँदैन । औपचारिक क्षेत्रले कर तिर्ने र रेकर्डमा राखिने भएकाले नीतिनिर्माणमा यस क्षेत्रले बढी प्रभाव पार्दछ । प्रतिस्पर्धाको अनुभूति भएको कारण औपचारिक क्षेत्रले अनौपचारिक क्षेत्रलाई हटाउने नियत बनाएको हुन्छ । यसकारण सहरी नीति नियम साधारणतः अनौपचारिक क्षेत्रलाई फाइदा नपुग्ने हिसाबबाट आइरहेका हुन्छन् । यस्तो प्रवृत्तिसँग जुध्न अनौपचारिक क्षेत्रमा संलग्न व्यक्तिहरूबीच संगठन, सञ्जाल बनाउने प्रचलन बढेको छ । यस प्रक्रियाबाट सहयोग प्राप्त गर्न दबाब दिने, आफूलाई व्यवसाय चलाउन आवश्यक पर्ने ठाउँका लागि लड्ने आदि कार्यहरू सम्भव भएका छन् । नागरिक समाज तथा गैरसरकारी संस्थाहरूले पनि यसमा सहयोग पुऱ्याएका छन् । किनभने अनौपचारिक क्षेत्रले सहरमा सस्तो मूल्यमा विभिन्न सेवाहरू प्रदान गरिरहेका छन् ।

महिलामा शिक्षाको अभाव तथा उनीहरूलाई औपचारिक क्षेत्रमा संलग्न हुन विभिन्न व्यवधानहरू सिर्जना गरिने भएकाले पनि उनीहरू अनौपचारिक क्षेत्रमा बढी संलग्न हुन्छन् । त्यस्तै प्रकारले गरिब, अपांग तथा केटाकेटीहरू पनि यसै

क्षेत्रमा संलग्न हुन्छन् । अपांगहरूलाई औपचारिक क्षेत्रमा काम गर्न भेदभाव गरिन्छ, जसले गर्दा पनि उनीहरूले अनौपचारिक क्षेत्रमै काम गर्नु पर्दछ । केटाकेटीहरूलाई काम लगाउन बन्देज गरिने भएकाले पनि औपचारिक क्षेत्रले उनीहरूलाई रोजगारी दिन हिच्किचाउँछन् । तर हजारौं केटाकेटीहरूलाई काम गर्नुपर्ने बाध्यता छ । अनौपचारिक क्षेत्रमा यस्ता केटाकेटीहरूले काम पाइरहेका छन् ।

## सार्वजनिक ठाउँ र अनौपचारिक क्षेत्र

सहरी सार्वजनिक ठाउँले अनौपचारिक क्षेत्रलाई टेवा दिने भूमिका खेल्न सक्दछ, तर यस्तो ठाउँमा कस्तो नियन्त्रण छ भन्ने कुरामा निर्भर हुन्छ (Brown 2004) । यस्तो 'ठाउँ' नयाँ आउने आप्रवासी वा सहरका पुराना गरिबहरूको जीवनरेखा हुन सक्दछ । तर यसका लागि गरिबमुखी सहरी सरकारको आवश्यकता पर्दछ । साधारणतः यस्ता सार्वजनिक 'ठाउँ' लाई खालि भौतिक रूपमा मात्र हेरिन्छ र भवनहरूबीचको खाली ठाउँको रूपमा चित्रण गरिन्छ । यो ठाउँलाई सहरको सुन्दरताका लागि कसरी प्रयोग गरिन्छ भनेर पनि विभिन्न योजनाहरू बनाइन्छ । तर यसले गरिब परिवारलाई कसरी सहयोग गर्दछ भन्ने विषयमा कमै सोचिएको छ । यस्ता भौतिक 'ठाउँ' ले सार्वजनिक ठाउँको महत्त्व पाउँछन् जब यहाँ बस्ने व्यक्ति, यहाँ हुने क्रियाकलाप र विभिन्न घटनाहरूलाई मानिस वा समाजसँग सम्बन्धित गरेर हेरिन्छ । यसकारण यस्ता 'ठाउँ' हरू सामाजिक ठाउँ बन्दछन् । यिनीहरूले राजनीतिमा पनि ठूलो भमिका खेल्छन् । यस्ता सामाजिक/सार्वजनिक ठाउँमा भएका घटनाले राजनीतिक परिवर्तन ल्याउन सघाउ पुऱ्याउँछ पनि ।

सहरी क्षेत्रको 'गल्ली अर्थतन्त्र' (जसलाई सार्वजनिक क्षेत्रको अर्को नामको रूपमा हेरिन्छ) लाई त्यहाँको शासनले निर्धारण गर्ने भएकाले अनौपचारिक क्षेत्रको स्थिति सहरी शासनसँग सम्बन्धित छ । यसैलाई दृष्टिगत गरेर ब्राउन (2004) को अध्ययनले काठमाडौंको सार्वजनिक क्षेत्रले एउटा विविध प्रकारको 'गल्ली अर्थतन्त्र' को रूप देखाएको छ । तर यसको आकार र स्तरको आँकडाको अभावले गर्दा वस्तुगत रूपमा निष्कर्ष निकाल्न गाह्रो पर्दछ । यस अध्ययनअनुसार काठमाडौं सडक व्यापारमा विविधीकरण छ र केही सडकमा विभिन्न समयमा व्यापार गर्न सकिन्छ भने केहीमा निषेध गरिएको छ । यस्ता निषेधित क्षेत्रमा सडक व्यापारीहरू सरकारी नियन्त्रणवालाहरूसँग 'मुसो-बिरालो' को खेल खेलिरहन्छन् । महानगरपालिकाले स्थापना गरेको नयाँ सडकको तरकारी बजारमा करिब एक हजार सडक व्यापारी छन् भने निजी क्षेत्रमा स्थापित नयाँ बानेश्वरमा

एक हजार तीन सय व्यापारी छन् । विभिन्न सडक र मन्दिरको छेउछाउमा सडक खाना व्यापार पनि हुन्छ ।[१] यी सडकका व्यापारलाई सहरी क्षेत्रको 'ग्रामीण जीविकोपार्जनको उपाय' पनि भनेको पाइन्छ ।

## अनौपचारिक क्षेत्रका सहभागीहरूको अनुभव

काठमाडौँको सहरी अनौपचारिक क्षेत्रमा संलग्न व्यक्तिहरू कुन परिवेशबाट आएका छन्, कुन कारणले यस क्षेत्रमा संलग्न हुन पुगे, यस क्षेत्रबाट उनीहरूको जीविकोपार्जनमा के कस्तो सहयोग पुगेको छ, उनीहरूले के के समस्या भोगिरहेका छन् र के भएमा उनीहरूलाई आफ्नो व्यवसाय चलाउन सजिलो पर्दथ्यो होला भन्ने जानकारीहरू बटुल्न यस्ता व्यक्तिहरूसँग व्यक्तिगत भेटघाट र छलफल भएको थियो । यस्ता व्यक्तिहरूको छनोटमा कुनै व्यवस्थित प्रणाली अपनाइएको थिएन । यहाँ राखिएका भोगाइहरू सहरका विभिन्न भागका छरपस्ट दृष्टान्त हुन् ।

कलंकीको पञ्चिमपट्टिको पेटीमा कपडा बेच्नेको भीड हुन्छ । त्यहाँ लगभग ८-१० महिला पसले हुन्छन् । कोहीले केटाकेटी काखमा लिएर दुध खुवाउँदै गरेका पनि देखिन्छन् । कोही कोही त बूढाबूढी पनि छन् । लोग्ने मानिसहरू उभिएर शरीरभरि कपडा भिरेर ग्राहकलाई सम्झाउँदै गरेका देखिन्छन् भने विशेषतः महिलाहरू भुईंमा प्लास्टिक ओछ्याएर लुगा वा सामान फिँजाएर बेच्ने गर्छन् । चोकको दक्षिण पेटीमा मुख्यतः तरकारी, फलफूल पसल राखेको पाइन्छ । माथिल्लो भागको पूर्वपट्टि तरकारी र चिया पसल देखिन्छ । साँझदेखि त चिया, नास्ता पसल जहाँ राखे पनि हुन्छ । इलेक्ट्रोनिक पसल मुख्यतः तल्लो भागको पश्चिमपट्टिको पेटीमा राखिन्छ । यस्ता सामान बेच्ने मुख्य रूपमा लोग्नेमानिस देखिन्छन् । तरकारी पसलेमध्ये पनि लगभग ६०-७० महिला देखिन्छन् भने फलफूलमा पुरुष-महिला त्यस्तै आधा आधा होलान् । यस्तै हिसाबले समान वा भिन्न प्रकृतिका यस्ता दृश्य सहरको अन्य भागमा पनि पाइन्छ । हेरौँ के भन्छन् कलंकी वरिपरि र अन्य ठाउँका अनौपचारिक क्षेत्रका व्यवसायीहरू:

**कमला भट्टराई**[२], *वर्ष २९, घर नवलपरासी, हाल कलंकी*

घुम्न एक पटक काठमाडौँ आयौँ छ/सात महिना अगाडि । अरूले यस्तो काम गरेको भेटियो । अनि हामी श्रीमान् श्रीमती पनि यही काम गर्न थाल्यौँ । घरमा खेती घरकै

---

१ सडक खाना व्यापारबारे विस्तृत जानकारीका लागि यसै पुस्तकमा चिरन मानन्धरको लेख हेर्नुहोस् ।

२ उनीलगायत यसपछि आउने सबैको नाम परिवर्तन गरिएको छ ।

मानिसले गर्छन्। एउटा कोठा डेरा लियौँ र यो ठेलागाडा एक हजार पाँच सयमा किन्यौँ। दिनदिनै कुलेश्वरबाट फलफूल किन्छौँ र यहाँ बिहान ७-८ बजे आएर पसल थाप्छौँ। बेलुका ४ बजेसम्म यहाँ बस्न दिन्छ, त्यसपछि जहाँ गए पनि हुन्छ व्यापार गर्न। नगरपालिकालाई महिनामा चार सय दिनु पर्छ। त्यसपछि समस्या दिँदैन। दिनमा एक सयदेखि एक सय पचास जति फाइदा हुन्छ। जेहोस् एक छाक खाना पुऱ्याउँछौ। थोक बजारमा आँप किन्दा किलोको तीस रुपैयाँ पर्छ भने यहाँ बेच्दा पैंतालीससम्म र तल झरेमा चालीस रुपैयाँसम्म बेचिन्छ। 'मधिसे' हरूले सस्तोमा दिन्छन् भनेर ग्राहक त्यतै लाग्छन्। हामीलाई भिज्न अलिक गाह्रो छ।

एउटा सानो कोठामा चार जनाको परिवार बस्छौँ। तेह्र सय तिर्नु पर्छ भाडा। एउटा छेउमा स्टोप (मट्टितेल) मा खाना पकाउँछौ। लगानी नपर्ने भएकाले यो व्यवसाय जतिखेर पनि छोड्न सकिन्छ। तर अर्को कुनै पेसा छैन। तबसम्म यो (फलफूल बेच्ने) नै गर्नुपर्ला।

**मखनराम**, *वर्ष २९, घर कलैया बरेवा*
यहाँ आएको १० वर्ष भयो। जुत्ता सिउने पेसा १५ वर्ष पहिला गाउँमा गर्थें। यो पेसा बाबाले पनि गर्नुहुन्थ्यो, उहाँ बित्नुभयो। यहाँ नजिकै एउटा घरको छिँडीमा डेरा छ, जहाँ चार जना बस्छौँ। त्यहीँ भात पकाउँछौँ पालो-पालो गरेर। प्रत्येक महिना जस्तो घर जान्छु। घरमा श्रीमती र तीन केटाकेटी छन्। साथीमार्फत वा आफैँ महिनामा एक हजारदेखि पन्ध्र सय घर पठाउँछु। दिनमा एक सयदेखि एक सय पचास वा दुई सयसम्म आम्दानी हुन्छ। बिहान ७ बजे आउँछु र बेलुका ७-८ बजे घर जान्छु। दिउँसो भात पकाउन, पालो-पालो गर्छौं। यहाँ बस्न समिति (चोक) लाई प्रतिदिन पाँच रुपैयाँ दिनुपर्छ। पुलिसले दुःख दिँदैन। तर गुण्डाहरूले दुःख दिन्छन्। उनीहरू बिहान बेलुका आउँछन् र काम लगाउँछन्। पछि पैसा माग्दा कुट्न/पिट्न खोज्छन् र गाली गर्छन्। त्यसकारण चुप लाग्नु पर्छ। उनीहरूको पछि लाग्ने हो भने काम चौपट हुन्छ। दिनमा दुई/तीन जना आउँछन् त्यस्तो भन्दै। वर्षामा काम कम हुन्छ। हिँउदमा धेरै। तर जाडोले गर्दा जुत्ता सिउने काम गर्न गाह्रो हुन्छ, हात कठ्यांरिन्छ।

म सुरुमा दाइको साथ लागेर काममा आएँ। दाइले पनि यही काम गऱ्यो। ऊ म भन्दा तीन/चार वर्ष जेठो थियो। तर जाँडरक्सीको लत लागेकोले ऊ बिरामी भयो। अनि उसलाई घरमा पठाइदिएँ। त्यहीँ नै ऊ मऱ्यो।

यहाँ बस्ने ठाउँमा धुवाँ र विशेष गरी धुलोले दुःख हुन्छ। तर के गर्ने यहाँ नबसी हुँदैन। अहिले त ठूलो बिरामी परेको छैन काठमाडौँमा *(तर हेर्दा उनी ४०*

*वर्षको जस्तो लाग्दछ)* । गाउँका मान्छेहरू धेरै छन् । छेउको साथी पनि त्यहीँको हो । गाउँका धेरै मानिस तयारी पोसाकमा काम गर्दछन् । बेलाबेलामा भेट हुन्छ । उनीहरू गाडी चढ्न यहाँ आउँछन् र त्यो बेलामा भेट्न आउँछन् । अब म एक डेढ महिनामा घर जान्छु । घरमा जम्मा एक कट्ठा जमीन छ । खेत रोपी सकियो, अब गएँ भने दसैँ पछि आउँछु होला ।

**श्यामबहादुर थापा**, *वर्ष थाहा छैन*[३]
मेरो घर धादिङ हो । यहाँ आएको १० वर्ष जति भयो । मेरो उमेर थाहा छैन, करिब ३०-३५ वर्ष भइयो कि । घरमा धेरै हेला भयो । बाबाले अर्को बिहे गऱ्यो, सौतेनी आमाले दुःख दियो । झगडा भयो, मेरो सानो भाइ थियो । ऊ मऱ्यो । आमा सधैँ गाउँमा काम गर्ने, गीत गाउने र बजारमा नाच्न जानुहुन्थ्यो । भाइको हेरचाह भएन अनि मऱ्यो । त्यसको लगत्तै आमा खस्नुभयो अनि बाबाले अर्को स्वास्नी ल्याउनुभयो । मेरो टाढाको सानीआमा काठमाडौँमा हुनुहुन्थ्यो । उहाँको श्रीमान् आर्मीमा हुनुहुन्थ्यो । साथीहरूसँग काठमाडौँ आएर उहाँको घरमा केही दिन बसेँ । उहाँको घरमा पनि काम गर्ने र अन्यत्र पनि कुल्ली काम र भरिया काम गर्थें । त्यसै बेलामा एउटा अपांगसँग भेट भयो । उनी जुत्ता सिलाउने र पालिस गर्ने काम गर्थे । उनले कामको तालिम धनकुटाबाट लिएका थिए । उनले मलाई यो काम सिकाइदिए र मैले काम गर्न थालेँ । यसले पेट पाल्न सकेको छु । यस पेसाबाट दिनमा एक सयदेखि एक सय पचास हुन्छ । श्रीमतीले पनि ज्यामी काम गर्थी, तर सधैँ काम पाइँदैन । पाए पनि गर्न सक्दिनँ । १० दिन काम गऱ्यो भने एक महिना बिरामी जस्तो हुन्छ । ऊ बिरामी भएर एकपटक त पेटको अप्रेसन पनि गर्नु पऱ्यो । त्यति बेला गाह्रो भयो । अलिकति सुन थियो, त्यो बेचियो ।

म पहिला थानकोटमा बस्थेँ । त्यस बेला श्रीमतीसँग भेट भयो । उनी पनि धादिङकै हुन् । उनको श्रीमान् भारतमा काम गर्दागर्दै मरेछन् । उनका तीन सन्तान थिए । केही समयपछि उनी काठमाडौँमा आफ्नो चिनेको साथीसँग आएकी रहिछन् । उनको डेरामा म गएको थिएँ जहाँ कुराकानी भयो र मैले उनको केटाकेटी पनि हेर्ने वचन दिएँ । त्यसपछि उनीसँग बिहे भयो । मैले उनका

---

३ मेरो विचारमा उनी गाइने वा सार्की जातको हुन सक्छन् किनभने उनलाई थापा भन्न निकै गाह्रो भयो र समय लाग्यो । पछि उनले आफ्नो आमा गाउँघरमा र बजारमा गीत गाउन नाच्न गइरहने र आफूसँग सम्बन्ध राम्रो नभएको बताए ।

तीन केटाकेटी पनि हेर्न थालेपछि मेरो तर्फबाट एक छोरा जन्म्यो (जुन उनले सँगै ल्याएका थिए) । उनी तर्फको छोरीलाई बिहा गरिदिएँ । छोरोलाई गाउँ पठाइदिएँ । र अहिले हामी चार जना कलंकी खोलाको छेउको एउटा घरमा सानो डेरा लिएर बसेका छौँ । छोरो पढ्न जान्छ । त्यसलाई पढ्न एउटा अमेरिकन (विदेशी) ले सहयोग गरेको छ । केही वर्ष पहिला छोरी एकदमै बिरामी भएर अस्पताल लगेको थिएँ । छोरीलाई हेर्न नसक्ने भएपछि त्यत्तिकै छोडेर आएका थियौँ । पछि विदेशी डाक्टरले उपचार गरिदिएछन् । उपचार गरेपछि उनले केही सामान र खानेकुरा पनि दिए । उनको नेपाली साथीले सबै केटाकेटीको फोटो पनि लगेका छन् । उनै मार्फत फिस तिर्ने खर्च पाइन्छ । नत्र पढाउन गाह्रो हुने थियो ।

धादिङबाट यहाँ प्रशस्त मान्छे काम गर्न आएका छन् । तर भेटघाट त्यति हुँदैन । म बिहानै यहाँ आउँछु र बेलुका मात्र फर्कन्छु । बेलुका गुन्डाको डर हुन्छ । एक-दुई पटक मेरो पैसा खोसेका छन् । जुत्ताको काम गर्न लाएर पैसा दिँदैनन् । चोक समितिलाई दैनिक भाडा बुझाएपछि पुलिसले दुःख दिँदैन ।

**नानीमैया नेपाली,** *कलंकीमा चिया बेच्ने*

मेरो नाम मैयादेवी नेपाली हो । यहाँ हेटौडाबाट करिब १२ वर्षअगाडि आएको थिएँ श्रीमान्सँग । श्रीमान्को सानो जागिर थियो । त्यति बेला ठीकै थियो । दुई वर्षपछि श्रीमान् अर्को श्रीमती लिएर भागे । कता गए थाहा छैन । एउटा छोरी र दुइटा छोरा जन्म्यो । यिनीहरूलाई हुर्काउने समस्या बढ्यो । त्यसपछि तुरुन्तै मैले केही गर्नु पऱ्यो । अनि यो चिया बेच्ने काम गरे । अहिले करिब नौ वर्ष भयो यो काम गरेको । दिनमा एक सय पचासदेखि दुई सय रुपैयाँ आम्दानी हुन्छ । बिहान ४ बजे देखि ९-१० बजेसम्म बस्छु । त्यसपछि डेरामा गएर खाना पकाउने, खाने गर्छु । अनि दिउँसो फेरि ४ बजेदेखि बेलुका ९-१० बजेसम्म बस्छु । अरू पसले त रातभरि पनि बस्छन्, तर म बस्दिनँ ।

पहिला सानो कोठामा बस्थेँ । छोराहरू हुर्के र ठूलो चाहिँ पहिला खलासी भयो । अहिले ऊ ड्राइभर भएको छ । ऊ ड्राइभर भएपछि दुइटा कोठा भाडामा लिएका छौँ । छोरीको बिहा भएको त हो तर श्रीमान् कता छन् थाहा छैन । सानो छोरो चार क्लासमा पढ्छ । अहिलेसम्म त सबै ठीकै चल्दै गएको छ । यहाँ दिनको दश रुपैयाँ तिरेपछि समस्या हुँदैन । कहिलेकाहीँ गुन्डाहरूले चिया खाएर पैसा दिँदैनन् । नगरपालिकाले दिउँसोमा पसल राख्न दिँदैन । त्यही नै समस्या हो । अहिल्यै चोक समितिले बेलाबेलामा चेक गर्दै आउँछ जसले गर्दा पैसा नतिर्नेहरू थोरै समय मात्र यहाँ बस्छन् । मैले यो काम गरेको ९ वर्ष भयो । केही

पढेको नभएपछि योबाहेक के गर्न सकिन्छ र ? यो चोकमा नै मेरो जिन्दगी बित्ने भयो ।

**कान्छी न्यौपाने**, *वर्ष ५९, घर धार्के (केवलपुर गाउँ), धादिङ; हाल महेन्द्र रत्न क्याम्पसअगाडि उकालोमा नांलो पसल गर्ने*

तीन छोरा बुहारी छन् । जेठो छोराका पाँचओटा नातिनातिनी, माहिलाको तीनओटा नातिनातिनी र कान्छोका दुईओटा नाति छन् । श्रीमान् कान्छो छोरोसँग घरमा बस्नु हुन्छ । म जेठो छोरोसँग छु । तर अहिले भाइको कोठामा दुईओटा भाइ, एउटा नाति र म यहाँ बस्छौँ । एउटै कोठामा बस्छौँ । जेठो छोरो टेकु र माहिलो छोरो खसीबजारमा परिवारसँगै बस्छन् । सबैको अंशबण्डा भइसकेको छ ।

छोराहरू लाइफ भिजनमा काम गर्छन् । पहिला ट्याम्पो चलाउँथे । बुहारीहरू मारवाडीको घरमा भाँडा माभ्छन् । एउटा घरमा पाँच/छ सय दिन्छन् । तीन, चारओटा घरमा गर्छन् । यो नांलो पसलको कामबाट दिनमा तीस रुपैयाँ हुन्छ । धेरै हुँदा पचास/साठी रुपैयाँसम्म हुन्छ । म आफैंलाई चुरोट खान ठीक्क हुन्छ । अनि तरकारी किन्नलाई हुन्छ ।

बिहान ९ बजे खाना खाएर आउँछु । साँझ सात, आठ बजेसम्म बस्छु । दिउँसो खाजा खान जान्छु । कोठामा सामान ल्याउने लाने आफैं गर्छु । भाइ बहिनी भए भने सहयोग गर्छन् । चार, पाँच सयको सामान होला । नगरपालिका आउने, उठाएर लाने गर्दैन । साइकलमा बरफ बेच्नेलाई लडाएर लग्दा पनि मलाई केही गरेन । भीमसेनस्थान र टेकुमा पनि बसेँ त्यहाँ कत्तिको सामान लान्थ्यो, मलाई केही गर्दैनथ्यो । आजसम्म नगरपालिकाले मलाई केही गरेको छैन । नगरपालिकाको मान्छेलाई पैसा (घुस) पनि आजसम्म दिएको छैन । भीमसेनस्थानमा परोपकारको घरअगाडि बस्दा त्यहाँको पालेलाई पाँच रुपैयाँ दिन्थेँ । अरूले त नगरपालिकालाई पैसा (घुस) खुवाउँछन् नि किन नखुवाउनु ?

पानी पऱ्यो भने सामान बोकेर जान्छु । पानीले भिजेर एक महिनासम्म बिरामी भएँ । कोठा यही घरपछाडि हो । पानीले भिज्यो भने चुरोट सुरोट बिग्रन्छ ।

त्रिशुलीमा १९ सालमा होटेल गरेँ । त्यहाँ ५ वर्ष गरेँ । त्यसपछि घर गएँ । २० वर्ष स्वास्थ्य स्वयंसेविकाको काम गरेँ । वर्षमा बाह्र सय रुपैयाँ दिन्थ्यो । त्यस्तै पोलियो थोपा खुवाउन जाँदा, गोष्ठीमा जाँदा दिनको नब्बे रुपैयाँ दिन्थ्यो । अहिले पनि मैले राजीनामा दिएको छैन । पोलियो खुवाउने काम बुहारीले गर्छिन् ।

बैनीज्वाइँ खस्नु भो । बैनी एक्लै भई अनि ऊसँग साथी बस्दा बस्दै यहींको रहसबहस भो । त्यहाँ गएर काम गर्न मन लागेन । काठमाडौं बसेको २० वर्ष

भयो । शोभाभगवतीमा भात होटेल गरें । तरकारी पनि बेचें । यहाँ अहिलेको ठाउँमा यो पसल राखेर बस्न थालेको दुईतीन वर्ष भो ।

भाइ भूपू आर्मी हो । उनीहरूलाई भात पकाएर खान दिन्छु, उनीहरूले यत्ति (हातले अलिकति भन्ने देखाउँदै) भात खान दिन्छन् । खानका लागि दुःख गर्नु परेन त ? मजासँग बसेर कसैले खान दिँदैनन् । धुप काट्छु अलिअलि । त्यही पनि यहाँ बतासले उडाउँछ । अर्काको सार नभए म त लखटिए हुन्छ । यस्ताले के खान पुग्नु । भाइले, छोराले सहयोग गर्छन् । सकुन्जेल गर्ने, नसकेपछि एउटा छोराको पिछा गर्ने ।

सुकुम्बासीमा अलिअलि ठाउँ दिए भइहाल्थ्यो । अहिलेको जमानामा छोरा पाए बुहारीलाई, छोरी पाए ज्वाइँलाई, हामीलाई के छ र ? बूढो रक्सी खानुहुन्छ । म त पण्डितकी छोरी (बूढो क्षत्री) आफूलाई मन पर्दैन । बूढो पनि यस्तै पसल गर्नुहुन्छ (रक्सी पनि बेच्ने) । त्यही निहुँले बूढालाई माओवादीले कति पिटे कति । माओवादीकै कारणले बच्चाहरू (छोराहरू) ले गाउँ छाडेका हुन् । मैले चाहिँ पहिले नै छोडेको । घर बस्ने कान्छो छोराको एउटा हात चल्दैन । माओवादी बस्छन् करेसा करेसामा, उनीहरूलाई दिए आफूलाई खान पुग्दैन । चन्दा पनि माग्छन् । मैले चाहिँ चन्दा दिएको छैन । आफैंलाई खान छैन के चन्दा दिनु ? घरमा १० रोपनी बारी छ । धानखेत छैन । कोदो, मकै मात्रै हुन्छ । पानी नलाग्ने ठाउँमा छ । पुसमाघपछि त सागपात पनि हुँदैन । जहान जम्मै बस्ने हो भने आफ्नो बारीले ६ महिनालाई खान पुग्छ । बस्तु पाल्नु पर्छ । अहिले शान्ति भए पनि घर जान बास छैन । बाटो बढाउँदा घर बाटोमा पर्‍यो । अब त्यो बाटो पिच हुन्छ रे । तर आफ्नो त बिल्लीबाठ छ ।

**विवेक रायमाझी,** *वर्ष ३८, घर लालगढ महोत्तरी, हाल ठेलागाडामा डुलाउँदै आइसक्रिम बेच्ने*

श्रीमती, एउटा छोरा (९ वर्ष), आमा (बुबा म जन्मेको पाँच, सात दिनमै बित्नुभएको), दाइ-भाउजू, दुइटा भतिजा (१२ र ९ वर्षको) को परिवार हो । दाइसँग अंशबण्डा भएको छैन । म चाहिँ परदेश कमाउन हिँडेको । दाइ गाउँमा घरखेती गर्नुहुन्छ । भतिजाहरू घरमै सरकारी स्कूलमा पढ्छन् । मैले घरबाट पनि ल्याएको छैन, यताबाट पनि लगेको छैन । दसैँतिहारमा पनि घर जान्नँ । वर्षमा एकपल्ट त्यही पनि जान्नँ । अहिले नगएको तीन वर्ष भयो ।

एउटा झुप्रो घर छ । १२/१३ कट्ठा जग्गा छ । गहुँ हुन्छ, मकै अलिअलि, धान हुँदैन । आफैंलाई खान पनि पुग्दैन । काठमाडौँआएको १२/१३ वर्ष भयो । पहिले घरमै खेतीपाती, बस्तुभाउ पाल्थेँ । आम्दानी/खर्च सेक्युरीटी गार्ड गरेर महिनामा

तीन हजार हुन्छ । यो (आइसक्रिम) बाट दिनमा पचास/साठी देखि एक/डेढ सय रुपैयाँसम्म हुन्छ । महिनामा तीन हजार जति हुन्छ । सेक्युरीटी कम्पनीबाट जाँदा पच्चीस सय हुन्थ्यो । अहिले कम्पनीले छोड्यो, कारखानाबाटै तीन हजार दिन्छ । पहिला कम्पनीले पाँच सय खाँदो रहेछ ।

६ महिना कपडा बेच्ने अनि ६ महिना आइसक्रिम बेच्ने गर्छु । गर्मीभरि आइसक्रिम बेच्छु, दसैंपछि बाटोमा लुगा बेच्छु । नगरपालिकाले राख्न दिँदैन । राख्न दियो भने त्यसमै फाइदा छ । सुन्धारामा दिउँसो राख्न दिँदैन । नगरपालिका नआउने ठाउँमा (कलंकी, स्वयम्भु) दिनभरि राखे पनि कहिले त १२/१३ दिनसम्म बोहनी हुँदैन । यस (आइसक्रिम) मा चाहिँ घाम लाग्यो भने सय-पचास खल्तीमा आइराख्छ । तर बिक्यो भने त त्यसमा (कपडामा) फाइदा छ ।

श्रीमती कारखानामा धागो काट्थिन् । ठेकदारले बेलामा पैसा नदिने । तीनओटा कपडा (पिस) को धागो काटेको एक रुपैयाँ । फाइदा भएन, दुई महिना गरेर छोड्दिएँ । अरू काम पनि पाइँदैन । छोरो बोर्डिङ स्कूलमा दुई कक्षामा पढ्छ । पहिलोपल्ट भर्ना गर्दा सात हजार लागेको थियो। अहिले चौबीस/पच्चीस सय रुपैयाँ लाग्छ। महिनामा पाँच सय तिर्नुपर्छ फिस। एक महिनाको बिल कहिल्यै आउँदैन, दुई महिनाको एकैचोटि आउँछ। अस्ति भर्खर पन्ध्र सय तिरेको फेरि नौ सयको बिल आइसक्यो । कोठा भाडा तिरेको छैन पैसा नभएर, के गरी तिर्नु भइरहेको छ । कहिले कम्प्युटर भन्छ, कहिले के भन्छ । लोथ बनाइसक्यो । यसपालि दुःखसुख गर्नुपऱ्यो, आघौं बेलैमा झिकेर सरकारीमा हाल्ने विचार छ । के गर्नु अब नसकिने भइयो ।

एउटा कोठा हो । बत्तीसत्ती गरेर तेह्र सय रुपैयाँ पुग्छ । दश रुपैयाँको छ्याङ, पाँच रुपैयाँको सित्तन खान्छु बेलुका । बैंक खाता खोलेको थिएँ, झिकेर खाइसकियो । कहिले आफू बिरामी, कहिले बच्चा बिरामी, ल्याएर खाइहालियो । अब दुई हजार/पच्चीस सय रुपैयाँ छ । फेरि थप्न सकेको छैन । सबै खानओर्न ठीक हुन्छ । बिरामी भएर बाह्र/तेह्र हजार ऋण पनि लागेको थियो ।

नगरपालिकाले खेद्दो गर्छ । मान्छे मात्रै आउँदा लाँदैन, गाडी लिएर आयो भने लान्छ । यसपालि लगेको छैन । पोहोर तीनपल्ट परें । एक हजार रुपैयाँ जरिवाना लाग्छ । लानेबित्तिकै जरिवाना तिरेर ल्याउन पाइँदैन, १५/१६ दिन राख्छ । अब, बाटोमा ननिकाल भन्छ । ननिकाले के गर्नु ? काम लगाइदिनु भन्दा "हामीलाई भन्ने हो ?" भन्छ । कि हामीलाई रोजगारी हुनुपऱ्यो, होइन र ? प्रायः चोकमा बस्नुपर्छ । एकतिरबाट आयो भने अर्कोतिर भाग्नुपर्छ । भाग्ने ठाउँ हेरेर बस्नुपर्छ । दिनदिनै एक दुईओटा समात्छ । गाडीमा ठूल्ठूला हाकिमहरू आएका छन् भने छोड्न मिल्दैन रे, समातिहाल्छ । हाकिमहरू आएका छैनन् भने त्यही

हो, घुससुस खान्छन् । दुई/तीन सय पैसा खल्तीमा हाल्दियो भने छोडिदिन्छन् । यसमा होइन लुगामा त्यसरी (घुस) दिएर बाँचेको छु ।

सुरुमा काठमाडौँ घर बनाउने ठाउँमा कुल्ली (इँटा बोक्ने, बालुवा घोल्ने) काम गरेँ । दिनको साठी रुपैयाँ दिन्थ्यो । धेरै दुःख लाग्यो अनि एक वर्ष जति गरेर छोडिदिएँ । त्यसपछि ट्रेकिङ जाने कुइरेहरूको भारी बोक्न गएँ । सुक्खा (खाना नदिई) दुई सय रुपैयाँ पाउँथे । यो पनि एक वर्ष जति मात्रै गरेँ । कुनै ठाउँमा पैसा छ, खान नपाउने, पाइए पनि सय रुपैयाँ (ढिँडोको पनि) तिर्नुपर्ने । ट्रेकिङ पनि छोडेर बाटोमा लुगा बेच्न थालेँ । साथीभाइसँग भनेर । मलाई पनि झिकिदे भनेँ । अनि आइसक्रिम पनि बेच्न थालेँ । त्यसपछि राति सेक्युरिटीको काम पनि गर्न थाले । यो (गार्ड) गरेको पनि ९ वर्ष भयो । गार्ड बस्ने ठमेलमा गार्मेन्टमा हो । राति ११ बजेसम्म पनि काम गर्छन् । अनि सबैजना आ-आफ्नो कोठामा जान्छन् । कारखानामा काम गर्नेहरूले केही चोरेर (लुकाएर) लान्छन् कि भनेर चेक गर्नुपर्छ । सबैजना गएपछि २/३ घण्टा कुर्सीमै सुत्नु पर्छ ।

आइसक्रिम र ठेला एउटै साहुको हुन्छ । नबिकेको आइसक्रिम, बरफ फिर्ता दिने, बिकेकोमा सावाँ साहुलाई दिने नाफा आफूले राख्ने । ठेलाको भाडा तिर्नु पर्दैन । सात रुपैयाँको दशमा, एकको दुईमा, पन्ध्रको बीसमा बेच्नु पर्छ । ठेला बनाउन एक हजार रुपैयाँ लाग्छ, आइसक्रिम बनाउने मेसिनलाई डेढ/दुईलाख पर्छ । कारखानाबाट आएर खानासाना खान्छु अनि ठेलागाडा ११/१२ बजेतिर निकाल्छु । साँझ ५/६ बजेसम्म बेच्छु । ठेला लगेर बुझायो, कोठामा गएर खानासाना खायो, फेरि उता (कारखाना) तिर जाने बेला भइहाल्छ । पैसा नतिरी खाने जंकी केटाहरू पनि आउँछन् । आइसक्रिम ले भन्छन्, दियो, खाइसकेपछि पैसा छैन भन्छन् । निहुँ खोज्यो भने आफैँलाई सताउँछन् । हनुमानढोका, असन, भोटाहिटी, कमलादी, क्षेत्रपाटी, सुन्धारा यतैतिर घुमाउँछु । अघिपछि जान्नँ, सुन्धारा, शनिबार त्यति नगरपालिका आउँदैन । नत्र त्यहाँ त बस्न दिँदैनन् नि । सुन्धारामा कपडा व्यापारीहरूको पनि ट्रेड युनियन छ । म चाहिँ त्यसमा गएको छैन । विदेश जान मन छ नि, आफूसँग पैसा छैन । यसो विचार गरिराखेको छु । कसैले पैसा दियो भने जान्छु ।

**विजय दास**, *वर्ष २७, घर मोतीहारी, भारत हाल लाजिम्पाट, हाँडीगाउँ वरिपरि ठेलागाडामा पानीपुरी बेच्ने*

श्रीमती, आमा-बुबा, दुई दाजु, भाउजूहरू र भतिजा भतिजी गरी जम्मा १७ जना छन् । रक्सौल गाउँमा घर छ । जग्गा तीन बिघा छ । आफैँले मात्रै सबै

काम गर्न सकिँदैन अरू मान्छे राख्नुपर्छ । धान, मकै, गहुँ, मुसुरो, लहरी (रहर), आलु, बन्दा, मटर, तोरी, उखु, आदि सबै बाली हुन्छ । यहाँ दिनमा पाँच/छ सयको व्यापार हुन्छ । डेढ/दुईसय फाइदा हुन्छ । खाइपिइ महिनामा पाँच हजार बच्छ । घर लगेर बैंकमा पनि राख्छौँ । जग्गा पनि किन्छौँ । कोठा भाडा पन्ध्र सय तिर्नुपर्छ । यसमा हामी चार जना बस्छौँ । म, मेरा दाइहरू र मेरो काका । मेरो काका धेरै रक्सी खानु हुन्छ । रक्सी खानेहरूले कमाएको ५०/६० प्रतिशत रक्सीमै खर्च गर्छन् । महिनामा एकचोटि एक जना (दाजुभाइ मध्ये) घर जान्छौँ । घरमा मोटर साइकल छ । तर घर जान आउन अरूको मागेर लान्छौँ । तेल हाल्नुपर्छ । हामी अन्य फाल्तु खर्च गर्दैनौँ । कोठामा टिभी, रेडियो, डेक (क्यासेट प्लेयर/सिडी प्लेयर), केबल लाइन सबै छ । म धेरै हेर्दिनँ, आफ्नो काम गर्नुपर्छ ।

दिउँसो २ बजेदेखि राति ८ बजेसम्म बेच्छौँ । मान्छेहरू बिहान पिरो, अमिलो खाँदैनन् । त्यसैले बिहान व्यापार हुँदैन । बिहान यहाँ ल्याउने समान बनाउन ४/५ घण्टा लाग्छ । यहाँ लाजिम्पाटमा दाइ बस्नु हुन्छ, म हाँडीगाउँमा बेच्छु । आमाबुबाले भनेर साइन्स पढेको । मेरो मन सानैदेखि व्यापार गर्ने थियो । जागिर खान मन लाग्दैन । ममाथि कसैको थिचोमिचो मन पर्दैन । कसैको अन्डरमा बसेर काम गर्न पनि मन लाग्दैन । यो मेरो सानैदेखिको बानी हो । खानलाई नपुग छैन । मैले यहाँ काम नगरे पनि पुग्छ । तर जीवनमा पैसा चाहिन्छ ।

दाइ यहाँ आएर पानीपुरी बेच्न थालेको २० वर्ष भयो । त्यसैले म पनि आइएस्सी सकेर काठमाडौँ आएँ । म आएको आठ वर्ष भयो । काकासँग अंशबण्डा भइसक्यो । हामी तीन दाजुभाइको दुइटा ठेलागाडा छन् । दुई जना यहाँ बस्दा एक जना घरमा काम गर्न जान्छौँ । महिनैपिच्छे पालो फेरिन्छ । अहिले घरमा खेतीपातीको समय छ । त्यसैले दुवै दाजुहरू घरमा हुनुहुन्छ । छठ र होलीमा सबै जना घर जान्छौँ ।

यो काम छोडेर यहाँ अरू काम गर्नुपर्‍यो भने गर्दिनँ । घरमा बसेर मजासँग खान्छु । उता (घर) तिर पनि यस्तो व्यापार हुन्छ तर वहाँ गर्न लाज लाग्छ । यहाँ कसैले देख्दैन । जसले देख्छ ऊ पनि यहाँ काम गरिरहेको हुन्छ । हाम्रो जातिहरू धेरैजसो व्यापारै मात्रै गर्छन् । जागिर खाँदैनन् । आइमाईहरू घरबाहिर काम गर्दैनन् । घरभित्र मात्रै गर्छन् । छोरीको विवाह गर्न 'तिलक' (दाइजो) खर्चिलो हुन्छ । एउटा छोरीको राम्रोसँग विवाह गर्न दुई लाख भन्दा बढी लाग्छ । जन्म, विवाहदेखि मृत्युसम्म भोज (पार्टी) गर्नुपर्छ । यसैमा धेरै खर्च हुन्छ । जे भए पनि भोजै गर्नुपर्छ ।

प्लेट पखाल्न धाराको पानी (छेवैको सार्वजनिक खानेपानीको धारा देखाउँदै) र पानीपुरीको पानी बनाउन फिल्टरको पानी प्रयोग गर्छौं । ५ बजेपछि नगरपालिका

आउँदैन अनि यहाँ आउँछु । ५ बजेभन्दा अगाडि नगरपालिका नआउने ठाउँमा राख्नुपर्छ । आजसम्म दुई/तीन पल्ट पकडेर लगेको छ । लगेपछि एक हजार रुपैयाँ तिरेर ल्याउनुपर्छ । गाडामा बेच्नेलाई एक हजार, साइकलमा बेच्नेलाई पाँच सय, बोकेर बेच्नेलाई दुई/तीन सय रुपैयाँ जरिवाना लाग्छ । अबदेखि बाटोमा नराख बाटो जाम हुन्छ, फोहोर हुन्छ भन्छन् ।

**लीला गुरुङ**, *वर्ष ३६, घर आसाम, भारत हाल सुन्धारामा सडकमा कपडा बेच्ने*

धरान पहिलाको मूल घर हो । मेरो बुबाआमा आसामकै बासिन्दा हो । धेरै वर्ष अगाडि सासु ससुरा पनि आसाम जानु भएको रहेछ । पछि आएर धरानमा आफ्नो जग्गा कब्जा गर्नेविरुद्ध मुद्दा हाल्नुभयो । धेरै खर्च भयो तर मुद्दा हार्नुभयो । धरान सहरमै हो । एउटा पुरानो घरमात्रै छ अहिले । अरू सबै परिवार आसाममा हुनुहुन्छ । आसाममा खेतीपाती गर्ने जग्गा चाहिँ छैन । त्यहाँ पनि सहरमै हो । घर बनाएर भाडामा १०/१२ ओटा कोठा दिएको छ । मिटर टच्याम्पो तीन/चार ओटा छ । साहिँला जेठाज्यू पनि टच्याम्पो चलाउनुहुन्छ । जेठा जेठाज्यू इन्डियन एयरलाइन्समा सिनयिर एकाउन्टेन्ट अफिसर हुनुहुन्छ । जेठी जेठानी पनि इलेक्ट्रिसिटी बोर्डमा जागिरे हुनुहुन्छ । ससुरा र कान्छो देवर किराना पसल चलाउनुहुन्छ । माहिला जेठाज्यू सक्रिय रूपमा राजनीतिमा लाग्नुभएको छ । बीजेपीको समर्थक हो । घर बनाउने, ठेक्कापट्टाको काम पनि गर्नुहुन्छ ।

काठमाडौँ आएको १२ वर्ष भयो । हामी दुवै श्रीमान्श्रीमतीले १२ कक्षा पास गरेका थियौँ । जागिरसागिर थिएन त्यही भएर काठमाडौँमा गएर केही गरेर खान सकिन्छ कि भनेर आएको । त्यस बेला अल्फा भन्ने संगठनले सशस्त्र विद्रोह गरेको थियो । हामीलाई विदेशी भन्ने, विदेशीलाई खेद्नुपर्छ भन्ने नारा जुलुस निकाल्ने । आफूलाई मन नपरेको ठूलाठूला नेता मार्ने गर्थ्यो । मेरो श्रीमान् जवान हुनुहुन्थ्यो । उहाँलाई पनि त्यहाँ तान्ने कुरा भइराखेको रहेछ । त्यही भएर हामी यहाँ नबसौँ बरु आफ्नै देशतिर जाउँ भनेर यहाँ आएको ।

महिनामा पैँतीस सयदेखि चार हजार कमाइ हुन्छ । दुवैजनाको गरेको सात/आठ हजार जति हुन्छ । पहिला फ्ल्याट लिएर बसेका थियौँ । व्यापार पनि नहुने जसोतसो घर धान्न गाह्रो भएर दुइओटा कोठा छोडेर एउटामा बसिराखेका छौँ । पानी, बत्ती सबै गरेर उन्नाईस सय पर्छ । कोठा लगनमा छ । व्यापार गर्न कोठा नजिकै भए सजिलो पर्छ । छोराछोरी जैसीदेवलमा बोर्डिङमा पढ्छन् । छोरा (१५ वर्ष) र छोरी (७ वर्ष) आठ र दुई कक्षामा पढ्छन् । छोराको मासिक खर्च छ

सय पचास, र छोरीको पाँच सय पचास रुपैयाँ छ, छोराको भर्ना फि तेत्तीस सय, छोरीको सोह्र सय लाग्यो । वर्षेनि फरक पर्छ ।

घरमा टीभी, रेडियो, क्यासेट प्लेयर, भिसिडि प्लेयर, केबल लाइन सबै छ । दसैँको बेला यसो अलिअलि कमाइयो भने पठाइन्छ घर, नत्र आफूलाई कहाँ पाउनु भइराखेको छ । घरबाट पनि ल्याउँदैनौँ । बेलाबेलामा जान्छौँ त्यत्ति हो । खानओर्न ठीकै हुन्छ । बैंकमा पनि राखेका छैनौँ । जिफन्टमै सहकारी छ अब त्यसमा राख्नुपर्ला ।

काठमाडौँ आएर जागिर खोज्यौँ । एउटा गार्मेन्टमा श्रीमान्ले एक महिना जति काम गर्नुभयो । तर जागिरबाट आएको आम्दानीले परिवार पाल्न गाह्रो पर्ला जस्तो भयो । त्यसैले यो सडक व्यापार गर्न थालियो । कहिलेकाहीँ व्यापार हुँदैन । पानी पर्ने मौसममा सबै सामान ड्यामेज हुन्छ । छोपछाप गरेर राखिन्छ तैपनि पानीले कताकताबाट भिजिसकेको हुन्छ । उठाएर घर लाने कुरा आउँदैन । पोको पारेर बोरामा हालेर गोदाममा हालिन्छ । त्यो गुम्सेर निकाल्दा बिग्रिसकेको हुन्छ । धुँदा पनि जाँदैन । सामान थोरै भए आफैँले बोकेर ल्याउँछौँ । धेरै हुँदा भरियालाई लगाउँछौँ । ल्याउने, लाने गर्न दिनको बीस रुपैयाँ दिनुपर्छ ।

हामी नेपाल ट्रेड युनियन महासंघसँग आबद्ध छौँ । म नेपाल सडक व्यापार श्रमिक संघ सुन्धारा एकाइ कमिटीको कोषाध्यक्ष, उपत्यका महिला विभागको संयोजक र जिफन्टको महिला विभागको अञ्चल सदस्य हुँ । पाँच बजेभन्दा अगाडि हामीले पसल नराख्ने र पाँच बजेभन्दा पछाडि नगरपालिका आएर हामीलाई दुःख नदिने भन्ने विषयमा हाम्रो संगठन र महानगरपालिकाबीच मौखिक सहमति भएको छ । त्यसैले हामी ५ बजे पसल थाप्छौँ र राति ८/९ बजेसम्म बस्छौँ । त्यसैले अहिले पहिला जस्तो दुःख पनि छैन । पोको बोकेर भाग्नु पर्दैन । संगठनमा लागेपछि हामीलाई सहयोग भएको छ । हाम्रो यो क्षेत्रमा कस्तो समस्या छ, कसरी समाधान गर्ने, महिलाहरू कसरी अगाडि बढ्ने भनेर धेरै प्रशिक्षण पाइसकियो । भविष्यमा अझै प्रशिक्षण दिने योजना छ ।

यस्तो सडक व्यापार समस्या यहाँ मात्रै होइन हरेक देशमा रहेछ । विश्वका सडक व्यापारीहरूलाई समेट्ने स्ट्रिटनेट इन्टरनेसनलसँग हामी पनि आबद्ध छौँ । यो सरकारले दिएको कानुनमा भएको काम होइन । हामी कानुन मिचेर काम गरिरहेका छौँ । यो गर्न हामी बाध्य छौँ । यसको विकल्प खोज्ने कुरामा सरकारले पनि त ध्यान दिनुपर्‍यो नि । हामीले पनि कमसेकम एउटा पसल पाइयोस्, भृकुटी मण्डपको जस्तो । विकल्पको रूपमा हामीलाई व्यवस्था नगरेको होइन । व्यवस्था यस्तो ठाउँमा भयो जहाँ मान्छे नै जाँदैनन् । बंगुर पालन गर्ने, राँगाभैसीको फोहोर हुने, विष्णुमतिको किनारामा डल्लुतिर व्यवस्था भयो । बस्नै

नसकिने, नाक थुनेर हिँड्नुपर्ने ठाउँमा दिएर हुन्छ ? पन्ध्र दिन पनि बस्न सकेनौँ। विकल्प यस्तो ठाउँमा दिनुपर्‍यो, जहाँ हामी सधैँका लागि स्थापित हुन सकौँ।

नगरपालिकाले गाडीमा आएर लखेट्ने। कत्तिको खुट्टा भाँचियो, कत्तिको टाउको फुट्यो पोको बोकेर भाग्दा। गाडी पर हुँदा हामी भाग्थ्यौँ। बाहिरबाट हेर्ने अन्य मानिसहरूलाई अचम्म हुन्थ्यो। कहाँको डाका लुटेरा आयो कि के भयो, त्यसरी मान्छे भागेका भनेर। केही गरी त्यो सामान समातेर लग्यो भने नगरपालिकाको अपशब्द (महिलालाई लक्षित गरिएका पनि), हेपाइ जस्ता दुर्व्यवहार सहनुपर्ने। कति सामान हराउँथ्यो। त्यसको कुनै प्रमाण नै हुन्थेन। उनीहरूले पनि सामान लुकाउँथे होला। हजार, डेढ हजारको सामान छ भने पाँचसय तिरेर ल्याउनुपर्ने। मनलाग्दी उनीहरूले यति दिनुपर्छ उति दिनुपर्छ भनेर बार्गेनिङ गर्थे। राजस्वको रूपमा, रसिदमा एक सय एक रुपैयाँ राखिन्थ्यो। तर हामीले पच्चीस सय रुपैयाँसम्म तिरेर ल्याएका छौँ।

तपाईलाई थाहै छ महिलाले दोहोरो काम गर्नुपर्छ। श्रीमान्ले पनि सहयोग गर्नुहुन्छ। त्यही पनि मलाई समय मिलाउन गाह्रो पर्छ। बिहान छोराछोरीलाई खुवाएर स्कूल पठाउनुपर्छ। दिउँसो संगठनको काममा जान्छु। साँझमा व्यापार भइहाल्यो। राति फेरि खान पकाएर खानुपर्छ। होलसेलमा गएर सामान ल्याउने पनि गर्नुपर्छ।

**छाया किराती**, *वर्ष १६, घर रामेछाप, हाल गोंगबु बसपार्क अगाडि खुद्रा सामान बेच्ने*

बुबा, आमा, दुई भाइ, एक दिदी (बिहे भइसकेको) छन्। बुबाआमा हामी सानै हुँदा इण्डिया जानुभएको रहेछ। भाइहरू उतै गएपछि जन्मिएका। बुबा सिलाङमा कोइलाखानीमा काम गर्नुहुन्छ। भाइहरू उतै प्राइभेट स्कूलमा पढ्दै छन्। रामेछापको जग्गामा ठूलीआमा, बजै र दाजुहरूले खेती गर्नुहुन्छ। जसले गर्छ उसैले लिन्छ हामीले पाउँदैनौँ।

म नेपाल आएको पाँच/छ महिना मात्रै भयो। यो भन्दा अगाडि आएको थिइनँ। नेपालको बारेमा केही थाहा छैन। बुबा पाँच वर्ष अगाडि एकपल्ट आउनुभएको थियो। त्यसपछि आउनुभएको छैन। घुम्न मात्रै आउनुभएको। म पनि घुम्न आएको, नेपाल कस्तो रहेछ भनेर। म काका र दाइसँग आएको। यहाँ पनि दाइभाउजू हुनुहुन्छ। उहाँहरूसँगै बस्छु।

म पनि कोइलाखानी मै काम गर्थें। डोकोमा बोकेर निकाल्ने, गाडीमा लोड गर्ने। खोलामा बालुवा खन्ने र त्यो काम एउटै हो। कोठा माछापोखरीमा छ। मसँग बस्ने दाइ घर बनाउने ठाउँमा काम गर्नुहुन्छ। भाउजू काँक्रो व्यापार

गर्नुहुन्छ । यो काम कसैले भनेर होइन (यो काम) म आफैंले गरेको । के गर्नु, बसेर खानु भएन, अलि अलि त गर्नुपर्‍यो नि ।

यहाँ मकै पोल्ने बुढीले, ऊ चार दिनपछि आउँदा ठाउँ खाली भएन भने नराम्रो हुन्छ भनेर गएकी छे । ऊ क...त्ति दिन भैसक्यो नआएको अनि म आएको क्या । त्यहाँ माथि बस्थे । त्यो बुढीले पनि कपडा ल्याई । त्यहाँबाट पनि जा भनेर यहाँ आएको । अब कता जाने ? त्यही सोचेर बसिराखेको छु । उठाएर कता जानुपर्ने हो थाहा छैन । तपाईंले अगाडि पसल राखेर मेरो मकै खाने ग्राहक कहाँबाट आउँछन् भन्छे । कस्तो कराउँछे । ग्राहकले देख्दैनन् रे । यो मकै पोल्नमात्र त धेरै जग्गा चाहिँदैन नि । यहाँ मिलेर खाउ भन्ने कोही छैन । जसको शक्ति, उसकै भक्ति छ क्या यहाँ ।

मैले यहाँ यो पसल राख्न थालेको तीन/चार महिना भयो । दिनमा पचास/साठी रुपैयाँको व्यापार हुन्छ । पहिला सुरु गर्दा दुई हजार रुपैयाँको सामान हालेको थिएँ । अनि दुई सय, एक सयको हालिराखेको थिएँ । अहिले त धेरै दिन भइसक्यो नहालेको, पैसा छैन । कुनै कुनै बेला बोहोनी त हुँदैन । कुनै बेला सय रुपैयाँ हुन्छ । सयभन्दा माथि चाहिँ हुँदैन । रिस उठेर आइसक्यो । फाइदा कति हो सावाँ कति हो थाहै पाउँदिनँ । त्यहाँ पर होलसेल पसल छ । त्यहीँबाट ल्याउँछु । मैले अरू केही पनि सोचेको छैन । अब के गर्छु आफैंलाई थाहा छैन ।

बिहान ५/साढे ५ बजे आउँछु । खाना खान ११ बजेतिर जान्छु । खाना दाइले पकाउनुहुन्छ । खान खाएर एकछिन आराम गर्छु अनि आउँछु । साँझ ७ बजे गइसक्छु । पानी पर्‍यो भने अलि छिटै जान्छु । पानी पर्‍यो भने जुरुक्क उचाल्यो हिँडिहाल्यो । दसैं लाग्यो व्यापार हुन्छ भन्छन् । हाम्रो (मेरो) हुँदैन । अरू (कपडा) राख्न पैसा छैन । हेर्दाखेरि त्यो बाटोमा राख्ने लुगा भन्छन् मान्छेहरू, तर बीस/तीस हजारको भन्दा बढी हुन्छ । किस्तामा निकाल्छन् । मैले चाहिँ पैसा तिरेरै ल्याउने हो । सिलङबाटै आउँदा ल्याएको पैसाले यो पसल सुरु गरेको । कोठाभाडा म तिर्दिनँ । तरकारी चामल किन्छु । कोठा भाठा तेह्र सय छ ।

अस्तिको आन्दोलनदेखि नगरपालिका आएको छैन । केही पनि गर्दैन रे अब भन्छन् । गर्दैन भनेर त त्यत्रो त्यत्रो फेन्सी पसल बनाएका होलान् । नगरपालिकाले खेदाउँछ भन्छन् कसरी खेदाउँछ, के गर्छ थाहा छैन । मैले केही बुझेको छैन ।

**क्यामुना गुरुङ**, *वर्ष ४४, घर काठमाडौं हाल पशुपतिनाथ मन्दिर पश्चिमपट्टि सालको पात बेच्ने काम गर्ने*

दुई छोरा, एक छोरी, श्रीमान् (हुन त हुनुहुन्छ, भए पनि आफ्नो खुसी) बस्ने एउटै घरमा हो । खाने बेग्लै । जेठो छोराले १२ कक्षा सकायो । छोरी १२ मा पढ्दै छ ।

सानो छोराले पढ्न मानेन, पाँच कक्षा पढेर छाडेको तीन/चार वर्ष भइसक्यो। जेठो छोरो १२ पास गरेर त्यत्तिकै बसिराखेको छ। पढाउन त अब सकिँदैन। यतिसम्म पढाइहालियो। काम भयो भने आफैँले कमाएर पढ्ने त हो नि। बाउले पढाउँदैन। उसले कमाएर उसलाई खान पुग्दैन। आफूलाई खान चाहिँ पुऱ्याएको छ। दिनमा एकछाक पाक्छ। बेलुका पाक्दैन। बिहान एकछाक पकाउने खाने त हो नि। घर बनाउने ठेकदारी काम गर्नुहुन्थ्यो। जान त अहिले पनि जानुहुन्छ तर गए पनि आफैँलाई ठिक्क। रक्सी खानुहुन्छ मजाले। बाहिर गएर आएपछि यसरी बिग्रिनुभएको। कतारमा साढे तीन वर्ष बसेर आउनुभएको थियो।

बसोबास सुकुमबासी बस्तीमा हो। राम्रो पनि हुँदैन। उठाउन पनि सक्दैन। २०४१ सालदेखि बसेको, न स्थायी हुन सक्छ न कसैले उठाउन सक्छ। पहिलाको घर, आफू गएर बसेको हैन, गोकर्ण हो। कहानी लामो छ। गफ गर्नुभन्दा नगर्नु राम्रो।

मैले अस्ति भर्खरबाट सुरु गरेको (पात बेच्न)। एक हप्ता जति भयो। अर्काको घरमा हप्ता हप्तामा कपडा धुने गर्छु। परिआए जे पनि गर्नु पऱ्यो नि, अब अर्काको काम गर्नु परेपछि के गर्नु। त्यो काम (कपडा धुने) गर्न सकिएन, सञ्चो भएन भनेर यतातिर भए पनि केही हुन्छ कि भनेर बसेको। तर यो पनि त्यत्ति होला जस्तो छैन। अब नबस्ने। लुगा धुने काम पनि गर्न छोड्या छैन। लुगा धुने दिन बिहान चाँडै जान्छु। बेलुका यहाँ बेच्न आइपुग्छु। दुई/तीन घण्टाभन्दा बढी गर्दिनँ। बरु एक दिनमा सकिने ठाउँमा दुई दिन लाउँछु। २/३ ओटा घरमा लुगा धुन्छु। कुनैमा कुनै बार कुनैमा कुनै बार मिलाएर जान्छु। कुनै घरमा पाँच सय कुनैमा सात सय रुपैयाँ दिन्छन्। अलि टाढा जानु परे एघार/बाह्र सय जति हुन्छ। उनीहरूकै आफन्तकोमा, चिनाजानी भएको ठाउँमा पनि जानुपर्छ। गइदे भन्छन्, गयो। त्यहाँ चाहिँ अलि बढी हुन्छ।

बिहान ६ बजेतिर आइपुग्छु। खाना कहिले यही दाइकैमा खान्छु। कहिले घर जान्छु। खाना कान्छो छोरोले बनाउँछ। साँझ ६ बजेतिर हिँड्छु। घरमा श्राद्ध, पूजाआजा लगाउनेहरूले लान्छन्। हिजो सयमुठा बेचेँ। भन्नलाई मुठाको रु. दश भन्ने हो। कसैले जिद्दी गर्छन्। रु. पन्ध्रको दुइटा मुठा पनि लान्छन्। सात रुपैयाँ मुठा पनि लान्छन्। किन्दा पाँच रुपैयाँ मुठा पर्छ। केही ठूला मुठा आउँछन्, केही साना मुठा आउँछन्। सानोलाई थप्नु पऱ्यो। दिनभरि राख्दा घामले यसरी सुक्छ। सुकेको फाल्नुपऱ्यो। तीनओटा मुठाको दुइटा बनाउनुपऱ्यो। उस्तै हो, छैन।

यो चाहिँ काममा फाइदा भएन, कुऱ्यो कुऱ्यो अनि के गर्नु त। यहाँ दाइको कोठा छ र सजिलो भएको छ। वहाँसम्म बोकेर लाने कुरा पनि आउँदैन। आफूले कोठा खोजेर सय मुठा पात राखेर उठ्दैन। हुनुपऱ्यो नि सबैकुरा (फूल, माला, बेलुको, आँपको पात,

बत्ती, रंग आदि) राख्नलाई त पैसो रास । ठूलो रासै नभई त्यसै आस मात्रै गरेर हुँदैन । जति लगानी गऱ्यो त्यति आउने त हो नि । एकदिन बिराएर पाँच सय मुठा राख्ने गरेको हुँ । अब यसपालि चाहिँ अन्तिम भयो एक हप्ता लाग्ला जस्तो छ ।

पानी पऱ्यो भने व्यापार हुँदैन । छोपछाप गर्ने, बस्ने पसलतिर, दाइको कोठातिर । पानी रहेपछि खोल्ने, पानी नरहे जाने घरतिर । काम नहुँदा दाइले राख्न त अहिले सिजन पनि छ भन्नुभयो । सोह्र सरादमा सबैलाई पात चाहिन्छ । सोह्र सराद (श्राद्ध) का लागि मात्रै जस्तै भयो । सधैँ कुर्न सकिँदैन । सबै कुरा (अरू सामान) राख्न सके अलि अलि हुन्थ्यो ।

यहाँ नगरपालिका आउँदैन । मन्दिरकै मान्छेले (पशुपति क्षेत्र विकास कोष अथवा पशुपति क्षेत्र संरक्षण समितिको होला) भित्र राख्न दिँदैनन् । पहिला जता पनि राख्न पाइन्थ्यो । फेरि पछि राख्न दिएन यो बाहिर पनि साँझ बिहान मात्रै राख्न दिन्थ्यो । यो आन्दोलन पछि अहिले राख्न दिएको छ (बाहिरको) ।

मैले कमाएको पैसाले बच्चालाई पढाउनुपऱ्यो, खान दिनुपऱ्यो । बेलाबेलामा बिरामी हुन्छन् । छोराछोरी पढाउँदा अहिले पचास/साठी हजार ऋण छ । ब्याज तिर्नु पर्दैन र मात्रै । अब पढाउँदिनँ भन्दा गाली गर्छन् । पढाउनुपर्छ भन्छन् (काम गर्ने घरकाले) । दाइले के सहयोग गर्नु, बरु दिदी बहिनीले गर्छन् ।

*पशुपति मन्दिरभित्र १५/२० वर्षदेखि पसल राख्दै आएका र मन्दिरमा पहिले घर भएको अहिले मन्दिर मर्मत सम्भारका कारणले भत्काएकाहरूलाई मात्र पसल राख्न दिएको रहेछ ।*

## छलफलको सारांश

ती छलफलका केही अंशहरू निम्नप्रकार छन् :

- महिलाको अत्यधिक सहभागिता : मुख्यतः साँझमा कपडा बेच्ने, बिहान/साँझमा तरकारी बेच्ने, बिहान/साँझमा चिया, नास्ता र रातभर पनि चिया/नास्ता बेच्ने । धेरै महिलाहरूले पारिवारिक समस्याले एक्लै भएको कारणले यसमा सहभागी भएको बताएका थिए ।
- आप्रवासीको अत्यधिक सहभागिता : अनौपचारिक क्षेत्रमा लाग्नेमध्ये धेरै व्यक्ति बाहिर जन्मेर, हुर्केर युवा अवस्थामा काठमाडौँ पसेका व्यक्तिहरू थिए । घरायसी समस्याले पीडित भएर काठमाडौँ आएर जीवनयापन गरेको प्रतीत हुन्छ ।
- सबै व्यवसायी डेरामा बसेका थिए । परिवार भएकाले एउटा कोठा र परिवार नभएकाहरू पाँच/छ जना मिलेर एउटा कोठा डेरा लिएर बसेको पाइयो ।

- कर नतिर्न विभिन्न उपायहरू गरेको पाइन्छ । जस्तै नियमित रूपमा ठाउँ सर्ने । चेक गर्न नगरपालिकाको मान्छे आएमा सामान बोकेर भाग्ने । आफ्नो शरीरभरि कपडा, घडी, झोला आदि भिर्ने र घुम्दै बेच्ने ।
- गुण्डागर्दी गर्नेले सेवाको मूल्य नतिर्ने समस्याले केही व्यवसायी पीडित भएको देखिन्छ । विशेष गरी तराई मूलका र भारतीय आप्रवासी व्यवसायीहरू (जस्तै : जुत्ता पोलिस गर्ने, फलफूल बेच्ने आदि) ।
- लैंगिक र जातीय कार्य विभाजनको प्रभाव प्रस्ट देखिन्छ । महिलाहरू मुख्यत: चिया/नास्ता, रेडिमेड कपडा (विशेष गरी केटाकेटी र महिलाका), तरकारी बेच्ने काममा अत्यधिक देखिन्छन् भने घडी, रेडियो तथा अन्य इलेक्ट्रोनिक्स सामान, पुरुषका लागि कपडा, फलफूल, झोला आदि बेच्ने काममा पुरुषहरू बढी देखिन्छन् । तराई मूलका वा भारतीय पुरुषहरूले फलफूल व्यापारको अत्यधिक मात्रा ओगटेको देखिन्छ ।
- परम्परागत पेसाको प्रभाव : यो विशेष गरेर लुगा सिउने र जुत्ता सिउने, पालिस गर्ने काममा देखिएको थियो । परम्परागत पेसाको रूपमा समाजका (पहाड, तराई दुवै ठाउँका) 'तल्लो जाति' भनेर चिनिनेहरूले यस्तो पेसा गरेको देखियो ।
- क्षेत्रीयता र संस्कृतिअनुरूपको सेवा प्रदान गरेको प्रस्ट देखिन्छ । क्षेत्रीयताको प्रभाव प्रस्ट रूपमा चिया/नास्ताको प्रकृति र ठाउँअनुरूप देख्न पाइन्छ । जस्तै तराईतिर जाने बस लाग्ने ठाउँमा तराई मूलको महिलाले तराईमा प्रयोग गर्ने खाजा, पकौडा, पापड आदि बनाएर बेचेको पाइन्छ । त्यस्तै प्रकारले एकै क्षेत्रबाट आएका व्यक्तिहरूले पसलहरू एकातिर राख्ने आपसमा बढी छलफल गर्ने र परेमा सहयोग पनि गर्ने प्रचलन देखिन्छ ।
- विशेष गरी चिया-नास्ता पसल महिला पुरुषको सम्पर्क बढाउने, चिनाजानी गर्ने र पछि बिहाको कुराकानीसमेत गर्ने स्थलको रूपमा देखिन्छ । बेलुका चल्ने यस्ता व्यवसाय देह व्यापारका लागि भेटघाट स्थल पनि भएको प्रतीत हुन्छ ।

## अगाडिको बाटो

अनौपचारिक क्षेत्र सहरीकरणको एउटा अभिन्न अंग भएको माथि उल्लिखित उदाहरण र काठमाडौंमा अनौपचारिक क्षेत्रमा संलग्न सहभागीको अनुभवबाट प्रस्ट हुन्छ । यसले काठमाडौंको लगभग ६० प्रतिशत श्रमशक्तिलाई रोजगारी उपलब्ध गराएको छ (UNCHS 2001) । रोजगार प्राप्त यी व्यक्तिहरू मुख्यत: गरिब, महिला, अपांग, बूढाबूढीहरू छन् । यो क्षेत्रको कारणबाट विभिन्न प्रकारका

सेवा तथा वस्तुहरू सस्तो र सुलभ रूपमा सहरका गरिब तथा मध्यम वर्गका परिवारहरूलाई उपलब्ध भएको छ। यसरी कम लगानीमा रोजगारी उपलब्ध भए पनि गुणस्तर र आय आर्जनमा सुधार गर्न सकिएमा यसले गरिबी घटाउन वा जीविकोपार्जन सुदृढ गर्न सहयोग पुऱ्याउँछ। सबैभन्दा खट्केको सवाल कामदारको काम गर्ने वातावरण वा अवस्था हो। धेरैजसो व्यक्तिहरू फोहोर ठाउँमा बस्नुपर्ने, चिसोमा बस्नुपर्ने, पानी पऱ्यो भने समस्या हुने आदिले ग्रस्त देखिन्छन्। त्यस्तै प्रकारले उनीहरूको सामाजिक सुरक्षा छैन। कहिलेकाहीँ गुण्डागर्दीले समस्या पार्ने, नराम्रो व्यवहार गर्ने, लगातार पानी परेमा व्यापार/व्यवसाय गर्न नसकी खाना जुटाउन गाह्रो पर्ने आदि समस्यासँग जुध्नुपर्ने देखिन्छ। सामाजिक सुरक्षाको अवस्था सुधार्नु पनि आवश्यक छ। अनौपचारिक क्षेत्रमा लागेका व्यक्तिले सरकारी सुविधायुक्त सेवाहरू (जस्तै ऋण, तालिम आदि) प्राप्त नहुने हुँदा पनि यो क्षेत्रलाई सुदृढीकरण गर्न सकिएको छैन। यो क्षेत्रलाई सकारात्मक रूप दिने र यसको भूमिकालाई मान्यता दिने सरकारी नीति, संयन्त्र तथा शासन पद्धति आवश्यक देखिन्छ। यस्तो शासन पद्धतिको विकास गर्न वा ल्याउनका लागि दबाब दिन अनौपचारिक क्षेत्रमा संलग्न व्यक्तिहरूको सञ्जाल खडा गर्ने, उनीहरूका प्रतिनिधिलाई पनि निर्णय तथा व्यवस्थापनमा लैजाने कार्य पनि हुनु आवश्यक छ। यसमा केही सम्भावना र प्रयासहरू हुन थालिसकेका केही कथन हामीले माथि पढिसक्यौँ। यो राम्रो संकेत हो।

## सन्दर्भ सामग्री


Amin. nd. *Handbook of Urban Informal Sector*. Bangkok: Asian Institute of Technology. www.gdrc.org/icm/icm-uis/htm

Brown, Alison. 2004. Claiming Rights to the Street: The Role of Public Space and Diversity in Governance of the Street Economy. www.naerus .net/sat/workshops/2004/papers/brown.doc

ILO. 2000. *The Informal Sector*. Bangkok: ILO Regional Office for Asia and Pacific.

Shrestha, S. 2004. *Street Trading and Governance in Kathmandu* [Research report]. Cardiff: Cardiff School of City & Regional Planning.

Sithuraman, S.V. 1997. Urban Poverty and the Informal Sector: A Critical Assessment of Current Strategies. www.ilo-mirror.conrveil.edu/ public/english/employment/recen/eii[/publ/1998/urb.pover.htm

UNCHS. 2001. *Cities in the Globalizing World: Global Report on Human Settlements*. London: Earthscan.